# निजामती कर्मचारी कल्याणकारी कोष (पहिलो संशोधन) नियमावली, २०८२

**प्रस्तावना:** निजामती कर्मचारी कल्याणकारी कोष नियमावली,२०७२लाई संशोधन गर्न बाञ्छनीय भएकोले ,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "निजामती कर्मचारी कल्याणकारी कोष (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२ को नियम २ मा संशोधन:** निजामती कर्मचारी कल्याणकारी कोष नियमावली,२०७२ (यस पछि "नियमावली" भनिएको) को नियम २-,

१. नियम २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

"(ख) "कर्मचारी" भन्नाले बहालवाला निजामती कर्मचारी सम्झनुपर्छ र सो शब्दले समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका सरकारी कर्मचारीलाई समेत सम्झनु पर्छ ।"

२. नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ ।

"(घ१) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको** नियम ३ को उपनियम (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

" तर कोषको लेखा प्रमुख नियुक्त नहुँदासम्मको निम्ति सञ्चालक समितिले नेपाल प्रशासन सेवा, लेखासमूह राजपत्राङ्कित द्वितीय श्रेणीको अन्य कुनै कर्मचारीलाई कोषको लेखा प्रमुखको जिम्मेवारी तोक्न सक्नेछ । "

४. **मूल नियमावलीको नियम ४ मा संशोधन:** मूल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (ग) र (छ) को सट्टा देहायको खण्ड (ग) र (छ) राखिएको र खण्ड (च) पछि खण्ड (च१.) थप गरिएको छ ।

"(ग) मा सचिव, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय, -सदस्य"

"(च१.) आधिकारिक ट्रेड युनियनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि-सदस्य

"(छ) मन्त्रलाय, प्रशासन सुधार महाशाखा प्रमुख -सदस्य-सचिव"

५. <u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u> मूल नियमावलीको नियम ५ को उपनियम (४) मा रहेका "उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको" भन्ने शब्दहरुको सट्टा "उपस्थित सदस्यहरु मध्ये वरिष्ठतम सदस्य" भन्ने शब्द राखिएका छन ।

६. <u>मूल नियमावलीको नियम ६पछि नियम ६क. थपिएको छ ।</u>

"६क. <u>कोषबाट खर्च गरिने क्षेत्रहरुः</u> कर्मचारी, अवकास प्राप्त व्यक्ति तथा निजको परिवारको हित हुने गरी देहायका क्षेत्रमा कोषको रकम प्रयोग गरिने छ ।

क. औषधी उपचार तथा स्वास्थ्य सेवा प्रदान ।

ख. निजामती कर्मचारी विद्यालय तथा सन्तति शिक्षा ।

ग. निजामती कर्मचारी आवास ।

घ. कर्मचारी परिवार आय बृद्दि ।

ङ. विपद् जोखिम न्यूनीकरण तथा राहत वितरण ।

च . कर्मचारीको क्षमता अभिवृद्धि हुने कार्य ।

७. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>

१. नियमावलीको नियम ७ को उपनियम (१)मा रहेका "अवकास प्राप्त व्यक्ति" भन्ने शब्द पछाडि " निजको परिवारको हित" भन्ने शब्द थपिएका छन् ।

२. यस नियमको खण्ड (क) को प्रयोजनको लागि "कडा रोग" भन्नाले "मुटुरोग मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अलजाईमर्स, स्पाईनल, ईज्जुरी, हेड ईन्जुरी तथा सिकलसेलएनिमिया रोगहरु सम्झनु पर्छ ।"

३. नियम ७ को उपनियम(१) को खण्ड (ख)मा रहेका एकलाख भन्ने शब्दको सट्टा "दुइ लाख" भन्ने शब्द थपिएका छन् ।

४. नियम ७ को उपनियम(१)को खण्ड (घ ) पछि खण्ड (घ१.) र (घ२.) थपिएको छ।

(घ१.) नेपालभित्र रहेका शिक्षण संस्थाहरुमा अध्ययनरत रही उत्कृष्ट नतिजा हासिल गर्ने सफल निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारी वा सन्ततिलाई बिल बमोजिम वा बढीमा ५ लाख रुपैयासम्म ।

(घ२.) सरकारी सेवाको सिलसिलामा मृत्यु भएका कर्मचारीको परिवार तथा सन्ततिका निम्ति सञ्चालक समितिले उचित ठहराए बमोजिम एकपटकलाई बढीमा पाँच लाखसम्म ।

८. <u>मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपः मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-</u>

७क. <u>कोषबाट कर्जा प्रवाह गर्ने :</u> (१) कोषमा रकम कट्टा गर्ने व्यक्ति वा निजको परिवारको लागि तोकिएको मापदण्ड अपनाएर घर,जग्गा, शैक्षिक, व्यावसायिक,

सवारी साधन लगायत समितिले उपयुक्त देखेका अन्य क्षेत्रमा कर्जा उपलब्ध गराउन सक्नेछ।

तर, यस प्रकारको कर्जा उपलब्ध गराउने प्रयोजनका निम्ति सञ्चालक समितिले अन्य कुनै निकायसँग सहकार्य गर्न वा छुट्टै कार्यविधि स्वीकृत गरी आफैले कार्यान्वयन गर्न सक्नेछ ।"

९. मूल नियमावलीको नियम १०को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ।

(१) कोषको सचिवालय सञ्चालक समितिले तोकेको स्थानमा रहनेछ ।

तर, कोषको सचिवालय स्थापना भई सञ्चालनमा नआउँदासम्मको निम्ति मन्त्रालय अन्तर्गतको कर्मचारी कल्याण शाखाले सचिवालयको कार्य गर्न सक्नेछ ।"

१०. मूल नियमावलीको नियम १३ मा संशोधनः नियम १३ को नेपाल सरकारसंग सम्पर्क गर्दा भन्ने शब्दहरु पछि रहेको सामान्य प्रशासन मन्त्रालय भन्ने शब्दको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ ।